**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १७ सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीको जनसेवाको 25 वर्ष पूरा भएको अवसरमा भाजपाको एक महिना लामो राष्ट्रव्यापी 'सेवा संकल्प अभियान' आजदेखि सुरु भएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिन आज पश्चिम बंगालभरि 'अन्नपूर्णा दिवस' को रूपमा मनाइँदैछ।

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले "अन्नपूर्णा दिवस" को मञ्चबाट आज महिला, विद्यार्थी र स्वास्थ्यकर्मीहरूको लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गर्नुभएको छ।

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले सीपीआई (माओवादी) नेता असीम मण्डललाई पक्राउ गरेकोमा कोलकाता पुलिसको विशेष कार्य बलको प्रशंसा गर्नु भएको छ।

- दार्जिलिङ, खर्सांग अनि कालेबुंगका विभिन्न स्थानमा आज विश्वकर्मा पूजा श्रद्धा र उत्साहका साथ मनाइँदैछ।

**भाजपा सेवा संकल्प अभियान**

प्रधानमन्त्री नरेन्द्र मोदीको जनसेवाको 25 वर्ष पूरा भएको अवसरमा भाजपाको एक महिना लामो राष्ट्रव्यापी 'सेवा संकल्प अभियान' आजदेखि सुरु भएको छ। आगामी महिनाको 17 तारिखसम्म चल्ने यस 'सेवा संकल्प अभियान' अन्तर्गत, अभियानको पहिलो दिनलाई 'सेवा दिवस' को रूपमा मनाइँदैछ, जस अन्तर्गत देशभरि रक्तदान शिविरहरू आयोजना गरिएको छ।पार्टी अध्यक्ष नितिन नवीनले नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा रक्तदान शिविरको उद्घाटन गर्नुभयो।

**प्रधानमंत्री नरेंद्र मोदी- जन सेवा -25 वर्ष**

प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धता का साथ उहाँको यो यात्रा आज पनि जारी छ। यसै दृष्टिकोणका साथ सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यलाई हासिल गर्ने दिशामा लगातार काम गरि रहेकोछ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास लगातार गरिन्दैछ। ‘सेवा संकल्प अभियानको यस विशेष श्रृंखलामा आज हमिले कुरा गर्छौं पूर्वोत्तर भारतको चौतर्फी विकास।

Byte अशोक चौरासिया

## पीएम विश्वकर्मा

आज प्रधानमन्त्री विश्वकर्मा योजनाको आज तीन वर्ष पुरा भईरहेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले वर्ष 2023 मा आजको दिन यस योजनाको सुरुवात गर्नुभएको थियो। यसको उद्देश्य 18 चयनित परम्परागत व्यवसाहरूमा संलग्न कारीगर र शिल्पकारहरूलाई सुरु-देखि-अन्तसम्म सहयोग प्रदान गर्नु हो।

## पश्चिम बंगाल-अन्नपूर्णा दिवस

प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिन आज पश्चिम बंगालभरि 'अन्नपूर्णा दिवस' को रूपमा मनाइँदैछ।यस अवसरमा, सोशल मीडिया सन्देशमा महिलाहरूलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो अन्नपूर्ण योजनाले बंगालमा महिला शक्तिको सशक्तिकरणलाई तीव्र बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ।

Byte

## मुख्यमन्त्री- अन्नपूर्णा दिवस

मुख्यमन्त्री शुभेन्दु अधिकारीले प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिनको अवसरमा "अन्नपूर्णा दिवस" को मञ्चबाट आज महिला, विद्यार्थी र स्वास्थ्यकर्मीहरूको लागि धेरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भयो। उहाँले भन्नु भयो कि राज्यमा प्रधानमन्त्री आवास योजना अन्तर्गत निर्माण भइरहेको ५० लाखभन्दा बढी नयाँ घरहरूको स्वामित्व अधिकार परिवारका महिलाहरूको नाममा सिधै दर्ता गरिनेछ। मुख्यमन्त्रीले भन्नु भयो कि १७ सितम्बरमा प्रत्येक वर्ष राज्यभरी "अन्नपूर्णा दिवस" मनाइनेछ। उहाँले योजनाबद्ध तालिका अनुसार, अन्नपूर्णा योजना अन्तर्गत ३ हजार रुपियाँको सहयोग रकम आज नै राज्यका लगभग १ करोड ५८ लाख महिलाहरूको बैंक खातामा स्थानान्तरण गरिने जानकारी दिनु भयो। मुख्यमंत्रीले १० हजार रुपियाँभन्दा कम मासिक तलब कमाउने महिलाहरूलाई पनि यो योजना अन्तर्गत समेटिनेछ। महिला तथा बाल विकाससँग सम्बन्धित योजनाहरूको दायरा विस्तार गर्नु हुँदै, मुख्यमन्त्रीले आशा र आईसीडीएस कार्यकर्ताहरूको मानधन ५,००० रुपियाँ र प्राणिमित्रहरूको मानधन २,००० रुपियाँले वृद्धि गरिएको जानकारी दिनुभयो। यसको साथै, आईसीडीएस केन्द्रहरूमा जाने गर्भवती महिलाहरूको लागि पोषणयुक्त भोजनको बजेट १२ रुपियाँबाट बढाएर १४ रुपियाँ गरिएको छ। मुख्यमन्त्रीले महिला विद्यार्थीहरूलाई शिक्षामा सहयोग गर्न, मुख्यमन्त्रीले २०२७ देखि "कन्यारत्न योजना" अन्तर्गत एक हजार रुपियाँ छात्रवृत्ति बढाएर २ हजार रुपियाँ पुर्‍याउने घोषणा गर्नुभयो। यसका साथै, १२ औं कक्षा उत्तीर्ण गर्ने र कलेजमा भर्ना हुने छात्राहरूले जनवरी २०२७ देखि उच्च शिक्षाको लागि तीन वर्षसम्म ५० हजार रुपियाँको आर्थिक सहयोग पाउनेछन्।

प्रधानमन्त्रीको जन्मदिनमा सुरु गरिएको "सेवा संकल्प अभियान" लाई उल्लेख गर्नु हुँदै, मुख्यमन्त्रीले 'नशामुक्त भारत, नशामुक्त पश्चिम बंगाल' को लागि आह्वान गर्नुभयो र महिलाहरूलाई अवैध लागूऔषध व्यापार अन्त्य गर्न अगाडि आउन आग्रह गर्नुभयो।

## शुभकामना सन्देश

**राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी. पी. राधाकृष्णनले** प्रधानमंत्री नरेन्द्र मोदीलाई आज उहाँको जन्मदिनमा शुभकामना दिनुभएको छ। राज्यसभामा विपक्षका नेता एव कांग्रेस **अध्यक्ष मल्लिकार्जुन खरगे** र लोकसभामा विपक्षका नेता सशक्त ले पनि प्रधानमंत्रीलाई बधाई दिनु भेको छ। श्री गांधीले प्रधानमंत्री नरेन्द्र मोदीको दीर्घ आयु र सु-स्वास्थ्य कामना गर्नुभयो। **तमिलनाडुका मुख्यमन्त्री सी. जोसेफ विजय** र पूर्व मुख्यमन्त्री तथा

डीएमके प्रमुख **एम.के. स्टालिनले** प्रधानमन्त्री नरेन्द्र मोदीलाई उहाँको जन्मदिनको शुभकामना दिनु भएको छ।
**रूसका राष्ट्रपति व्लादिमीर पुतिनले** प्रधानमंत्री नरेन्द्र मोदीलाई उहाँको 76औं जन्मदिनमा शुभकामना दिनुभएको छ। उहाँले दुई देशहरू बीचको महत्त्वपूर्ण र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीलाई सशक्त बनाउनमा श्री मोदीको योगदानको सराहना गर्नुभयो।
यसैबीच, नयाँ दिल्लीस्थित कैयन दूतावास र विदेशी कूटनीतिज्ञहरूले प्रधानमन्त्रीलाई बधाई दिएका छन्।
भारत स्थित अमेरिकी दूतावासले राष्ट्रपति डोनाल्ड ट्रम्पको तर्फबाट श्री मोदीलाई जन्मदिनको शुभकामना प्रेषित गरेको छ।

**पश्चिम बंगाल - भाजपा आशीर्वाद का दिया**

राज्यमा भारतीय जनता पार्टीले वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीको जन्मदिन मनाइन्दैछ। देशले श्री मोदीको जन्मदिन तथा उहाँके जनसेवाको 25 वर्ष पुरा भएको उत्सव मनाइन्दैछ। केंद्रीय शिक्षा तथा उत्तर पूर्वी क्षेत्र विकास राज्य मंत्री, सुकांत मजूमदारले आज कोलकातामा भाजपाले आज आशीर्वाद का दिया कार्यक्रम आयोजना गरिरहेको बताउनु भयो।

**कोलकाता - माओवादी पक्राउ**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्य सरकारले नक्सलवाद विरुद्ध कडा कारबाही गर्ने बताउनु भएको छ। मुख्यमन्त्रीले सीपीआई (माओवादी) नेता असीम मण्डललाई पक्राउ गरेकोमा कोलकाता पुलिसको विशेष कार्य बलको प्रशंसा गर्नु भयो। उहाँले जनताको सुरक्षालाई खतरामा पार्ने अथवा विकासमा बाधा पुऱ्याउने कुनै पनि अतिवादी विचारधारालाई सरकारले सहन नसक्ने बताउनु भयो। बुधबार र बिहीबारको मध्यरातमा विशेष कार्य बलले असीम मण्डललाई पक्राउ गऱ्यो। असीम मण्डल माथि १ करोड रुपियाँको इनाम तोकिएको थियो। सुत्र अनुसार, असीम मण्डलले लालगढ आन्दोलनमा प्रमुख भूमिका खेलेका थिए र बंगाल-झारखण्ड-उडीसा क्षेत्रीय समितिको गतिविधिसँग सम्बन्धित महत्त्वपूर्ण जिम्मेवारीहरू सम्हालेका थिए।

**विश्वकर्मा पूजा**

दार्जिलिङ, खर्सांग अनि कालेबुंगका विभिन्न स्थानमा आज विश्वकर्मा पूजा श्रद्धा र उत्साहका साथ मनाइँदैछ। ग्यारेज, वर्कसप, कलकारखाना, निर्माणस्थल तथा विभिन्न प्रतिष्ठानमा भगवान विश्वकर्माको प्रतिमा स्थापना गरी पूजा-अर्चना गरिएको छ। यस अवसरमा मेसिन, औजार तथा सवारीसाधनको पनि विशेष पूजा गरिएको छ। विभिन्न स्थानमा प्रसाद वितरणसँगै भक्तिमय वातावरण देखिएको छ।

**फुलबारी–घोषपुकुर बाइपास**

फुलबारी–घोषपुकुर बाइपास सडकको पुनर्निर्माण कार्य आज सुरु भएको छ। राज्यका पर्यटन मन्त्री शंकर घोष र डाबग्राम–फुलबारीकी विधायक शिखा चटर्जीले निर्माण कार्यको दीप प्रज्वलन गरी शुरुवात गर्नु भयो। दुर्गापूजाअघि सडकलाई यातायात सञ्चालन गर्न सकिने अवस्थामा पुऱ्याउने लक्ष्य राखिएको छ। फुलबारी टोल

गेटदेखि इन्टेक वेलसम्मको करिब 1 दसमलव 40 किलोमिटर सडक पुनर्निर्माण गरिनेछ। सडक निर्माणका लागि लगभग 8 करोड रुपियाँ खर्च हुने बताइएको छ।

**विश्वकर्मा पूजा-कालेबुङका विधायक**

विश्वकर्मा पूजाको अवसरमा कालेबुङका विधायक भरत कुमार क्षेत्रीले आज कालेबुङ मेनरोड, डम्बरचोक तथा मोटरस्ट्यान्ड क्षेत्रमा रहेका विभिन्न पूजा पण्डालहरूको भ्रमण गर्नु भयो।

**राजु बिष्ट**

दार्जिलिङका सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु विष्टले रिम्बिक–लोदोहमा सडकअन्तर्गत बाँसबोटेमा रहेको रामाम जलविद्युत परियोजना नजिक निर्माण भइरहेको सुरक्षा पर्खाल अन्तिम चरणमा पुगेको जानकारी दिनु भएको छ।

**********